प्रमाणिकरण

दस्तखत : ...........................

नाम : घनश्याम पाण्डे

पद : नगर प्रमुख

प्रमाणिकरण मिति : २०७७/०३/११

पाना संख्या : ७ (सात)

## तुलसीपुर उपमहानगरपालिका
## तुलसीपुर, दाङ

# तुलसीपुर पेट्रोल पम्प संचालन ऐन २०७७

**प्रस्तावना** :सार्वजनिक तथा निजी सवारी साधन एवं मेसिन उपकरणहरुको लागि आवश्यक पर्ने ईन्धन सरल, सहज तथा व्यवस्थितरुपमा आपूर्ति गर्न तुलसीपुर उपमहानगर पालिका वडा नं. ५ मा स्थापना गरिएको तथा थप क्षेत्रमा स्थापना गरिने पेट्रोल पम्पहरुलाई तुलसीपुर उपमहानगरपालिका अर्न्तगत बेग्लै व्यवसायिक अस्तित्व सहित व्यवस्थित संस्थाको रुपमा सञ्चालनगर्नका लागि बिशेष कानुनको व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधान २०७२ को धारा ५९ (१) तथा धारा २२६ (१) अनुसार तुलसीपुर उपमहानगरपालिकाको नगरसभाले यो ऐन बनाई लागु गरेको छ ।

## परिच्छेद-१
## (संक्षिप्त नाम र प्रारम्भ)

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम "**तुलसीपुर पेट्रोल पम्प सञ्चालन ऐन, २०७७**" रहेको छ ।

(२) यो ऐन तुलसीपुर उपमहानगरपालिकाको राजपत्रमा सूचना प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कर तिर्ने दायित्व भएको व्यक्ति" भन्नाले पेट्रोल पम्प संचालन गर्ने ठेक्का लिएको व्यक्ति वा व्यवसायिक संस्थालाई सम्झनु पर्छ ।

(ख) "कर्मचारी" भन्नाले व्यवसायिक संस्था अर्न्तगत कार्यरत कर्मचारी सम्झनुपर्छ ।

(ग) "कार्यपालिका" भन्नाले तुलसीपुर उप-महानगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावली, निर्देशिका, कार्यविधि, मापदण्डहरुमा उल्लेख गरिए बमोजिम सम्झनु पर्छ ।

(ङ) "नगर प्रमुख" भन्नाले तुलसीपुर उप-महानगरपालिकाको नगर प्रमुख सम्झनु पर्दछ ।

(च) "नगर उप-प्रमुख" भन्नाले तुलसीपुर उप-महानगरपालिकाको उप-प्रमुख सम्झनु पर्दछ ।

(छ) "नगर सभा" भन्नाले तुलसीपुर उपमहानगरपालिकाको नगर सभा सम्झनु पर्नेछ ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले तुलसीपुर उप-महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(झ) "व्यवसायिक संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई वा नभई वार्षिक रुपमा आन्तरिक तथा स्वतन्त्र लेखा परीक्षण हुने, राज्यको करको दायरामा आएको तथा कानूनत संचालन एवं व्यवस्थापन मापदण्ड पुरा गरी तुलसीपुर उपमहानगरपालिकाबाट पेट्रोल पम्प संचालन गर्न अनुमति पाएको वा पेट्रोल पम्प संचालन गर्न तुलसीपुर उपमहानगरपालिकाबाट छनौट भएको वा हुने संघ वा संस्था सम्झनु पर्नेछ ।

(ञ) "योजना/परियोजना/कार्यक्रम" भन्नाले यो ऐन बमोजिम संचालन हुने योजना/ परियोजना/ कार्यक्रमहरु सम्झनु पर्दछ ।

(ट) "लेखा समिति" भन्नाले तुलसीपुर उपमहानगरपालिकाको नगर सभाबाट गठन भएको लेखा समिति सम्झनु पर्नेछ ।

(ठ) "संयोजक" भन्नाले पेट्रोल पम्प संचालक समितिको संयोजक सम्झनु पर्छ ।

(ड) "सहयोगी संस्था" भन्नाले तोकिएको वा लक्षित कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापित संघ, संस्थाहरुलाई सम्झनु पर्दछ ।

(ढ) "सदस्य/पदाधिकारी" भन्नाले संचालक समितिको अध्यक्ष, उपाध्यक्ष, सदस्य र सदस्य सचिव समेतलाई जनाउँदछ ।

(ण) "सदस्य सचिव" भन्नाले दफा ३ बमोजिम संचालक समितिको सदस्य सचिव सम्झनु पर्नेछ ।

(त) "संचालक समिति वा समिति" भन्नाले दफा ३ बमोजिम गठन हुने पेट्रोल पम्प संचालक समिति सम्झनु पर्नेछ ।

## परिच्छेद-२
## (उद्देश्य तथा आर्थिक व्यवस्था)

३. **उद्देश्य** :-तुलसीपुर पेट्रोलपम्पको निम्न उद्देश्यहरु हुनेछन् ।

क) सार्वजनिक तथा निजी सवारी साधन एवं मेसिन उपकरणहरुको लागि आवश्यक पर्ने ईन्धन सरल, सहज तथा व्यवस्थित रुपमा आपूर्ति गर्न

ख) "पेट्रोलियम पदार्थमा शुद्धता हाम्रो प्रतिवद्धता" भन्ने नेपाल आयल निगम लि.को नारालाई सार्थक तुल्याउदै शुद्ध इन्धन आपूर्ति व्यवस्था गर्ने ।

ग) बेरोजगार युवा लक्षित गरी स्वरोजगारी सिर्जना गर्ने ।

घ) इन्धन आपूर्तिमा गुणस्तरिय सेवा प्रदान गर्ने ।

४) **आर्थिक व्यवस्था** :-पेट्रोल पम्प तुलसीपुर उपमहानगर पालिका आफैले संचालन गर्ने वा तोकिए बमोजिम नियमानुसारको सम्झौता शर्त अनुसार अवधी तोकि व्यवसायिक संस्थालाई संचालन गर्न दिने दुई वटा तरिका अवलम्बन गर्न सकिनेछ ।

(अ) तुलसीपुर उपमहानगरपालिका आफैले तुलसीपुर पेट्रोल पम्प संचालन गर्ने अवस्थामा त्यसको लागि पूंजीगत, व्यवसायिक तथा जनशक्ति व्यवस्थापनमा आवश्यक पर्ने आर्थिक व्यवस्था तुलसीपुर उपमहानगरपालिका आफैले तोकिए बमोजिम गर्नु पर्नेछ ।

(आ) तुलसीपुर उपमहानगरपालिका संग गरिएको सम्झौता शर्तहरुको आधारमा कुनै व्यवसायिक संस्थाले पेट्रोल पम्प संचालन गर्नु पर्ने अवस्थामा त्यसको मुलभूत आर्थिक पक्ष देहाय अनुसार हुनेछ यसमा थप विषयहरु तोकिए बमोजिम हुनेछ ।

क) तुलसीपुर पेट्रोलपम्पका लागि आवश्यक पर्ने पूँजीको व्यवस्था व्यवसायिक संस्थाले गर्नेछ ।

ख) दैनिक कारोवारको हिसाव लेखा कानुनले तोकिदिएको ढाँचामा पेट्रोलपम्पका व्यवस्थापक मार्फत राखिने छ ।

ग) खरिद तथा विक्रि कारोवारको पुरा विवरण व्यवसायिक संस्थाले राख्नेछ आ.व.को अन्तमा कारोबारको जानकारी लेखा समिति मार्फत नगरपालिकालाई दिनु पर्नेछ ।

घ) पम्प संचालनमा लाग्ने सम्पुर्ण खर्च व्यवसायिक संस्थाको हुनेछ ।

ङ) पम्प संचालनको आय व्यय तथा कानुन अनुसार तिर्नु पर्ने सम्पुर्ण रकम कर तिर्नु पर्नेदायित्व भएको व्यक्ति वा व्यवसायिक संस्थाको हुनेछ ।

च) पेट्रोलपम्प संचालनका लागि गर्नु पर्ने कानुनी कार्य कर तिर्नु पर्ने दायित्व भएको व्यक्तिको हुनेछ ।

छ) पेट्रोलपम्प संचालनका लागि आवश्यक पान नं. तुलसीपुर पेट्रोल पम्पका नाममा लिने कार्य कर तिर्नु पर्ने दायित्व भएको व्यक्ति वा व्यवसायिक संस्थाको हुनेछ ।

ज) पेट्रोल पम्प संचालन तथा व्यवस्थापन सम्बन्धमा तुलसीपुर उपमहानगरपालिका र छनौट भएको व्यवसायिक संस्था वीचमा भएको सम्झौता शर्तहरु तथा प्रचलित कानून बमोजिम हुनेछ ।

## परिच्छेद-३
## (संचालक समिति )

५. **तुलसीपुर पेट्रोलपम्प सञ्चालन समितिको गठन:** पेट्रोल पम्प तुलसीपुर उपमहानगर पालीका वा व्यवसायिक संस्था मार्फत संचालन गर्ने तथा डिजल, पेट्रोल लगायतको पेट्रोलियम पदार्थ खरिद, विक्रि एवं आपूर्ति व्यवस्था सम्बन्धी अन्य आबश्यक प्रवन्धकीय क्षेत्रमा नीतिगत निर्णय तथा सहयोग,समन्वय लगायतका कार्य गर्ननिम्न बमोजिमपेट्रोलपम्प सञ्चालन समितिको गठन गरिनेछ ।

क) नगरप्रमुख वा नगरप्रमुखले तोकेको जनप्रतिनिधि — संयोजक

ख) पेट्रोल पम्प रहने वडाको वडाध्यक्ष वा निजले तोकेको उक्त वडाको वडा सदस्य — सदस्य

ग) नगरप्रमुखले तोकेको नगर सभाको कुनै सदस्य -महिला — सदस्य

घ) नगर उपभोक्ता हित संरक्षण समितिको प्रतिनिधि — सदस्य

ङ) तुलसीपुर उद्योग वाणिज्य संघको प्रतिनिधि — सदस्य

च) व्यवसायिक संस्था मार्फत पेट्रोल पम्प संचालन हुने अवस्थामा संस्थाको प्रतिनिधि — सदस्य

छ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृतस्तरको कर्मचारी — सदस्य सचिव

६. **तुलसीपुर पेट्रोलपम्प सञ्चालन समितिको काम, कर्तव्य र अधिकार:** यस कार्यविधिको दफा ५ बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछन्:

क) पेट्रोलपम्पको दैनिक कार्य सञ्चालनतथा व्यवस्थापन सम्बन्धमा नीतिगत निर्णय र नेतृत्व गर्ने ।

ख) वार्षिक कार्ययोजना बनाई नगरसभामा पेश गर्ने ।

ग) व्यवसायिक संस्थाबाट परिचालन गर्ने जनशक्तिको सेवा प्रवाहमा नीतिगत निर्णय तथा निर्देशन गर्ने ।

घ) पेट्रोलपम्प संञ्चालनका लागि आवश्यक श्रोत, साधन पहिचान तथा परिचालन गर्ने ।

ङ) नगरसभाका नीति, निर्देशन, कार्ययोजना र निणर्यहरुको कार्यान्वयन गर्ने ।

च) नगर कार्यपालिकाले अधिकार प्रत्यायोजन गरेका अन्य तोकिएका कार्यहरु गर्ने ।

७. **तुलसीपुर पेट्रोलपम्पमा गरीने अन्य कार्य:**

क) खरिद गरीएको इन्धनलाई उचित र सुरक्षित भण्डारण गर्ने ।

ख) स्थानीय बजारको माग बमोजिम इन्धनको आपुर्ति गर्ने ।

ग) इन्धन उपभोक्ता बृद्धिका लागि उत्प्रेरित गरी बजारीकरण गर्ने ।

घ) पेट्रोल पम्प तथा इन्धन सुरक्षा व्यबस्था, संस्थाको सम्पत्तिको सुरक्षाको समुचित व्यबस्थापन गर्ने ।

ङ) तोकिएका अन्य कार्यहरु गर्ने, गराउने ।

**८) पेट्रोलपम्प व्यवस्थापकको काम, कर्तव्य र अधिकारः**

क) पेट्रोलपम्पमा कार्यरत कर्मचारीहरुको खटनपटन वा काम तथा जिम्मेवारी तोक्ने ।

ख) पेट्रोल पम्प तुलसीपुर उपमहानगर पालिका मार्फत संचालन भएको भए उपमहानगरपालिकाको र व्यवसायिक संस्था मार्फत संचालन भएको भए व्यवसायिक संस्थाको मातहतमा रहेर तोकिएका कार्यहरु गर्ने ।

ग) पेट्रोलपम्पमा भएको कारोवारको जवाफदेखिता तथा उत्तरदायित्व बहन गर्ने ।

घ) इन्धनको खरिद र विक्रिको दैनिक योजना बनाई कार्य गर्ने ।

ङ) सबै प्रकारका अभिलेख तथा हिसाव हिताव राख्ने वा राख्न लगाउने ।

च) संयोजकको निर्देशनमा समितिको बैठक वोलाउने ।

छ) काउन्टरमा जम्मा भएको नगद रकम बैंकमा जम्मा गर्ने ।

ज) पेट्रोलपम्पको सरसफाई लगाएतका कार्यको व्यवस्थापन मिलाउने ।

झ) पेट्रोलपम्पको मासिक प्रगति प्रतिबेदन पेट्रोलपम्प संचालक समिति समक्ष हरेक महिनाको ३ गते भित्र पेश गर्ने ।

ञ) ग्राहक पहिचान तालिका बनाउने, उधारो अशुली गर्ने गराउने र ग्राहक संगको सम्बन्ध सुमधुर बनाउने

ट) पेट्रोलपम्पको बार्षिक योजना बनाई समिति समक्ष पेश गर्ने ।

ठ) पेट्रोल पम्पको कारोबारको आन्तरिक तथा अन्तिम लेखा परिक्षण गराउने ।

ड) तोकिए बमोजिम अन्य कार्यहरु गर्ने, गराउने ।

## परिच्छेद-४
## (अन्य व्यवस्था )

**९) मूल्य निर्धारणः**

क) नेपालसरकारले तोकेको खरिद तथा विक्री मूल्यलाई नै आधिकारीक मानिने छ तर अन्यथा भएकोमा खरिद तथा विक्री मूल्य निर्धारण आपुर्ति कर्ता, व्यवसायिक संस्था तथा संचालक समिति वीच भएको आपसी सम्झौता बमोजिम हुनेछ ।

ख) इन्धनको विक्रि मूल्यमा संचालक समितिको निणर्य अनुसार सदस्यहरुलाई केहि प्रतिशत छुट दिएर विक्र दर निर्धारण गर्न सकिनेछ यसका लागि तोकिए बमोजिम स्वबृद्धि प्रणालीमा आधारित पुरक अन्तर कोष (Viability Gap Support Fund) स्थापना तथा संचालन गर्न सकिनेछ ।

ग) मूल्य निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१०) भण्डारणको प्रबन्धः**

क) नासिने, खेर जाने अबस्थाबाट बचाउनको लागि उपयूक्त र सुरक्षित भण्डारणको व्यवस्था मिलाईने छ ।

ख) विभिन्न अवस्थाबाट हुने नोक्सानबाट बचाउन सुरक्षाको प्रबन्ध मिलाईने छ ।

ग) तोकिएको मापदण्ड अनुसार भण्डारण क्षेत्रको निर्माण गरिनेछ ।

घ) उपयुक्त प्रकारले सुरक्षित भण्डारण नगरी लापरवाही गरेको देखिएमा सो बाट हुने क्षेतिको सोधभर्ना सम्बन्धित जिम्मा पाएको व्यक्ति वा संस्थाबाट गरिनेछ ।

ङ) सदस्य तथा उपभोक्ताको मागको आधारमा भण्डारण क्षमताको विकास र विस्तार गरिने छ ।

च) भण्डार व्यवस्थापन सम्बन्धमा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**११. खरीद प्रकृया :**इन्धन खरिद सम्बन्धमा देहाय बमोजिमको प्रकृया अपनाउनु पर्नेछ ।

क) इन्धन खरिदगर्दा, पेट्रोल पम्प तुलसीपुर उपमहानगरपालिकाबाट सोझै संचालन हुने अवस्थामा सञ्चालक समितिको अख्तियारी आवश्यक पर्नेछ तर व्यवसायिक संस्थाले संचालन गर्ने हकमा संचालक समितिको नीतिगत मार्गदर्शन अवलम्वन गर्नु पर्नेछ ।

ख) पेट्रोल पम्प तुलसीपुर उपमहानगरपालिकाबाट सोझै संचालन हुने अवस्थामा सञ्चालक समितिले तोकेको प्रक्रिया पुरा गरी रकम भुक्तानी गरी अख्तियार प्राप्त व्यक्तिलाई इन्धन खरिदको जिम्मा रहनेछ तर व्यवसायिक संस्थाले संचालन गर्ने हकमा संचालक समितिको नीतिगत मार्गदर्शन बमोजिम हुनेछ ।

ग) इन्धन नेपाल आयल नियम लि.बाट खरिद गर्नु पर्नेछ । सो वाहेक अन्य इन्धन आपुर्ति गर्ने संस्था वा निकायभएमा सो बाट पनि खरिद गर्न सकिने छ तर त्यसका लागि सञ्चालक समितिको निणर्य आनिवार्य हुनेछ ।

घ) इन्धन खरिद सम्बन्धमा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१२. बिक्री प्रकृया:** इन्धन बिक्री सम्बन्धमा देहाय बमोजिमको प्रकृया अपनाउनु पर्नेछ ।

क) भण्डारणमा रहेको इन्धन आम उपभोक्तालाई पेट्रोल पम्प कै काउन्टरबाट खुद्रा रुपमा विक्रि वितरण गरिनेछ ।

ख) ग्राहकको अर्डर अनुसार विल जारी गर्नु पर्नेछ । बिना बिल कुनै पनि सामान तथा इन्धन बिक्री कक्षबाट बाहिर लान पाईने छैन ।

ग) विल अनुसार इन्धन रुजु गरेपछि मात्र ग्राहकको हातमा इन्धन प्रदान गर्नु पर्नेछ ।

घ) बिक्री प्रबर्द्धन गर्न बिज्ञापन, छुट, उपहार, कूपन, कार्ड आदि उपायहरु अबलम्बन गर्न सकिनेछ ।

ङ) इन्धन विक्री सम्बन्धमा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१३. हिसाव तथा अभिलेख:**

(अ) पेट्रोल पम्प तुलसीपुर उपमहानगरपालिकाबाट संचालन गर्नु पर्ने अवस्थामा देहाय बमोजिम हुनेछ:

क) इन्धनको खरिद, बिक्री तथा माल मौज्दातलाई दैनिक रुपमा मिलान गर्नु पर्नेछ, खरिदलाई खरिद खातामा, बिक्रीलाई बिक्री खातामा र बचेको माललाई मालमौज्दात खातामा दुरुस्त अभिलेखको व्यवस्थापन गर्नु पर्नेछ ।

ख) हरेक दिन कारोवार बन्द गर्नु अगाडी दैनिक खाता र पम्प मेसिनको मिटर अंक अनिवार्य मिलेको हुनु पर्नेछ ।

ग) हिसाव तथा अभिलेख व्यवस्थापनका लागि कर्मचारीलाई जिम्मा तोकिने छ ।

घ) सदस्य तर्फको कारोवारको खरिद तथा बिक्री विवरणको अभिलेख अलग्गै राखिनेछ ।

च) सरकारी कार्यालय, औपचारिक संघ संस्था संग हरेक महिनाको मसन्त भित्र विल भुक्तानी हुने गरी उधारोमा कारोवार गर्न सकिने छ ।

छ) नीजि व्यवसायी तथा व्यक्तिहरु संग व्यक्तिगत वा संस्थागत जमानी वा धन धितो जमानीमा बढिमाएक महिना सम्मका लागि उधारो कारोवार गर्न सकिने छ । यसरी गरिएको उधारो कारोवारमा जो व्यक्ति जमानी बसेको हो सम्बन्धीत पक्षबाट अशुल नभएमा जमानी बसेकोबाट अशुल गरिने छ भने धन जमानी बसेकोमा धितो लिलाम गरेर अशुल गरिने छ ।

ज) कारोवार गर्दा अनिवार्य रुपमा विल जारी गरीनेछ ।

(आ) पेट्रोल पम्प ब्यवसायिक संस्थाबाट संचालन हुने अवस्थामा दफा १३ (अ) अर्न्तगतका आपसी सम्झौतमा स्वीकृत बुदाहरुको अलावा तुलसीपुर उपमहानगरपालिका संग गरिएको सम्झौता शर्त बमोजिम हुनेछ ।

(इ) हिसाव तथा अभिलेख सम्बन्धी अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ ।

## १५. समय तथा कर्मचारी व्यवस्थापनः

(अ) पेट्रोल पम्प तुलसीपुर उपमहानगरपालिकाबाट संचालन गर्नु पर्ने अवस्थामा देहाय बमोजिम हुनेछः

क) सामान्यत पेट्रोलपम्प बर्षमा ३६५ दिन र दिनमा २४ घण्टा सञ्चालनमा रहनेछ ।

ख) कर्मचारीहरुको कार्य तालिका बनाइ ८ घण्टाका दरले सिप्ट डिउटी तोकिनेछ र तोकिएको डिउटी तालिका अनुसार कर्मचारीहरुले कार्य गर्ने छन् ।

ग) पेट्रोलपम्पको कामको जिम्मेवारी, कामको विवरण संचालक समितिले निर्धारण गरेको नीतिगत अनुसार हुनेछ । तोकेको जिम्मेवारी पुरा नगर्ने कर्मचारीलाई कार्बाही र पुरा गर्नेलाई पुरस्कारको व्यवस्था गरिनेछ ।

घ) संचालक समितिले बार्षिक लक्ष निर्धारण गर्नेछ, लक्ष पुरा गरेमा नगद पुरस्कारको समेत व्यवस्था गरिनेछ ।

(आ) पेट्रोल पम्प ब्यवसायिक संस्थाबाट संचालन हुने अवस्थामा दफा १५ (अ) अर्न्तगतका आपसी सम्झौतमा स्वीकृत बुदाहरुको अलावा तुलसीपुर उपमहानगरपालिका संग गरिएको सम्झौता शर्त बमोजिम हुनेछ अन्य ब्यवस्था देहाय अनुसार हुनेछ ।

क) पेट्रोलपम्पका लागि आबश्यक कर्मचारीहरुको दरबन्दी तथा नियुक्ती व्यवसायिक संस्थाले गर्नेछ ।

ख) पेट्रोलपम्पमा नियुक्ति हुने कर्मचारी सम्पुर्ण आर्थिक व्ययभार व्यवसायिक संस्थाको हुनेछ ।

(इ) समय तथा कर्मचारी ब्यवस्थापन सम्बन्धमा अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ ।

## १६. विविध :-

क) तुलसीपुर पेट्रोलपम्पसञ्चालन सम्बन्धमायो ऐनमा व्यबस्था भए वाहेक अन्य कार्य तोकिए बमोमि हुनेछ ।

ख) यस ऐनमा व्यवस्था भएका विषयकानुन संग बाझिएको हकमा वाँझिएकोहदसम्म स्वतः खारेज हुनेछ ।

ग) यस ऐनद्वारा सञ्चालिन पेट्रोल पम्पको नाम तुलसीपुर पेट्रोल पम्प र ठेगाना पेट्रोलपम्पसंचालन हुने स्थान रहनेछ ।

घ) यस पेट्रोल पम्पको लोगो तुलसीपुर उपमहानगर पालीकाको लोगो संगै बांया भागमा अनुसुची-१ अनुसार हुनेछ ।

ङ) तुलसीपुर पेट्रोलपम्प संचालन तथा ब्यवस्थापन सम्बन्धमा अन्य ब्यवस्थाहरु तोकिए बमोजिम हुनेछ ।

अनुसुची - १

(दफा १६ को उपदफा (घ) सँग सम्बन्धित)

## तुलसीपुर उपमहानगर पालिका द्वारा सञ्चालित

### तुलसीपुर पेट्रोलपम्पको छाप

